STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २२ गते बिहीबार ❑ 5 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## राष्ट्रिय आवश्यकताका लागि गठबन्धन गरिएको हो : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, २१ बैशाख**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राष्ट्रिय आवश्यकताअनुसार राजनीतिक दलहरूबीच गठबन्धन भएको बताउनुभएको छ ।

'सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगरप्रमुख' नाराका साथ नेपाली कांग्रेस मोरङद्वारा आज यहाँ आयोजित आमसभालाई सम्बोधन गर्दै उहाँले स्थानीय तहमा गठबन्धनका उम्मेदवार जिताउन अपिल गर्नुभयो। सत्तारुढ दलसँग बनेको गठबन्धनका उम्मेदवारलाई स्थानीय तहमा उत्साह र जाँगरका साथ जिताउन आग्रह गर्दै प्रधानमन्त्री देउवाले गठबन्धनमा सामेल दलका कारण आफू प्रधानमन्त्री बनेको स्पष्ट पार्नुभयो । अहिले कसैको डर र त्रास नभएको अनुभूति जनताले गरेको बताउँदै उहाँले प्रजातन्त्रको फल गाउँ तहसम्म पु¥याउन गठबन्धन बनेको धारणा राख्नुभयो ।

उहाँले नेपाली कांग्रेसले धोखा खाए पनि कसैलाई पनि धोखा नदिने प्रतिबद्धता व्यक्त गर्दै विराट राजाको दरबार भएको ठाउँमा पुरातात्विक विभागसँग परामर्श गरेर बजेट व्यवस्था गर्ने बताउनुभयो । प्रधानमन्त्री देउवाले आगामी सरकार नेपाली कांग्रेसको बनेमा ६५ वर्षदेखिका मानिसलाई ज्येष्ठ नागरिक भत्ता दिने भन्दै सरकारले अहिले असाध्य रोग लागेका मानिसलाई मासिक रु पाँच हजार भत्ता दिएको जानकारी दिनुभयो । स्थानीय तहलाई सम्पूर्ण अधिकार दिने भन्दै प्रधानमन्त्री देउवाले पहाड र मधेश मिलेर देश निर्माण गर्ने सङ्कल्प लिएको चर्चा गर्नुभयो। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले नेपाली कांग्रेसका सरकारले शिक्षा, स्वास्थ्यमा विशेष जोड दिएको चर्चा गर्दै महानगरपालिकामा गबन्धनका उम्मेदवारले जितेमा सहरको विकास र जनताको जीवनस्तर उकास्ने काम गर्ने योजना रहेका बताउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले अहिले स्थानीय तहको निर्वाचनको सरकारलाई खासै असर नगरे पनि कालान्तरमा हुने प्रदेश र सङ्घको निर्वाचनमा धेरै ठूलो असर गर्ने धारणा राख्नुभयो । उहाँले सङ्घ र प्रदेशको निर्वाचनमा सफलता हासिल गर्नका लागि पनि अहिले स्थानीय तहमा कार्यकर्ताहरूले मेहेनतका साथ आफ्ना उम्मेदवार जिताउन आग्रह गर्नुभयो ।

कार्यक्रममा विराटनगर महानगरपालिका प्रमुख पदका उम्मेदवार कांग्रेसका नागेश कोइराला र उपप्रमुखका उम्मेदवार जनता समाजवादी पार्टी नेपालका अमरेन्द्र यादवले यो निर्वाचनमा सफलता हासिल भएमा नगरको विकासमा कुनै कसर बाँकी नराख्ने बताउनुभयो । उहाँहरूले धन आर्जनका लागि नभई जनताका सेवा तथा नगरको विकास गर्न उम्मेदवारी दिएको र हाम्रो सङ्कल्पमा कुनै पनि नागरिकले शङ्का नगरी मत दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना, नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरू अमृत अर्याल, डा डिला सङ्ग्रौला, भीम पराजुलीलगायतका नेताहरूले कांग्रेसको गठबन्धनमा रहेका पार्टी उम्मेदवारलाई जिताउन आग्रह गर्नुभयो ।

## कोभिडपछि ब्यूतेको अर्थतन्त्रमा बाह्य क्षेत्रको प्रभाव

**रासस**
**काठमाडौं, २१ बैशाख**

विसं २०७२ को भूकम्पले नेपालको अर्थतन्त्रमा नकारात्मक असर पा¥यो । भूकम्पको असर न्यूनीकरण गर्दै लयमा अगाडि बढेको नेपाली अर्थतन्त्र विश्वव्यापी कोरोना महामारीको अवधिसम्म अप्ठ्यारो अवस्थामा आइपुग्यो । कोरोनाले पारेको प्रभावबाट तङ्ग्रिँदै गर्दा मुलुकको अर्थतन्त्रमाथि फेरि चुनौती थपिएको छ ।

रुस-युक्रेन द्वन्द्वका कारण विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको छ । चालु आवमा पेट्रोलियम पदार्थको खरिदबाट मात्रै करिब रु चार खर्ब विदेशिने अनुमान छ । त्यस्तै चालु आवको नौ महिनाको अवधिमा रु तीन खर्ब बराबरको कृषिजन्य उत्पादन आयात भएको तथ्याङ्क छ । आयात निर्यातको अन्तर बढ्नु, कृषिजन्यलगायत विलासी वस्तुको आयात बढ्नु, विप्रेषण आप्रवाहमा संकुचन आउनु, विदेशी मुद्रा सञ्चिती घट्नुजस्ता कारणबाट मुलुकको अर्थतन्त्र सङ्कटग्रस्त अवस्थातर्फ उन्मुख छ । विश्वव्यापी अर्थतन्त्रमा आर्थिक वृद्धि घट्दो अवस्थामा छ भने मूल्यवृद्धि बढ्दो अवस्थामा छ । अर्थतन्त्रलाई थप बिग्रन नदिन सरकार तथा सरोकारवाला निकायले विभिन्न नीति अख्तियार गरिरहेका छन् । अझै ढुक्क हुने अवस्था बनिसकेको छैन । मुलुकको अर्थतन्त्रलाई नकारात्मक बाटोमा जान नदिन लागि परेको सरकारी अधिकारीको प्रष्टीकरण छ ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी आयात र निर्यातमा देखिएको अन्तर कम गर्नु अहिलेको प्रमुख चुनौतीका रुपमा रहेको बताउनुहुन्छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले आयोजना गरेको कार्यक्रममा उहाँले अनियन्त्रितरुपमा बढेको आयातलाई निरुत्साहित गर्न जरुरी रहेको बताउनुभयो । "आयातको तथ्याङ्क हेर्दा निकै नै वृद्धि भइरहेको छ, चालु आवमा करिब रु २१ खर्बको आयात हुने अवस्था देखियो", उहाँले भन्नुभयो, "रु नौ/दश खर्ब विप्रेषण र करिब रु दुई खर्बको निर्यातले धान्न सक्ने अवस्था देखिएन ।" आयात र निर्यातको खाडलले तत्काल अर्थतन्त्रमा ठूलो प्रभाव नपरे पनि आगामी दिन सङ्कटपूर्ण रहेको उहाँको भनाइ छ । बर्सेनि ठूलो परिणाममा कृषिजन्य उत्पादन आयात भइरहेको भन्दै गभर्नर अधिकारीले कृषिजन्य वस्तुको स्वदेशमै उत्पादन बढाउनुपर्ने बताउनुभयो । अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार डा सुरेन्द्र उप्रेतीले भूकम्प, कोरोना महामारी, बेमौसमी वर्षा तथा विश्वव्यापी मूल्यवृद्धिले मुलुकको अर्थतन्त्रमा प्रभाव पारेको बताउनुभयो । बढ्दो आयातका कारण अर्थतन्त्रमा दबाब परेको उल्लेख गर्दै उहाँले पेट्रोलियम पदार्थको खपत न्यूनीकरण र कृषिजन्य उत्पादन वृद्धि गर्नुको विकल्प नभएको बताउनुभयो ।

"६० प्रतिशत जनता कृषि पेशमा संलग्न भइरहेको अवस्थामा अझै पनि कुल आयातको २० प्रतिशत हिस्सा कृषिजन्य वस्तुको रहेको छ", उहाँले भन्नुभयो, "यस्तो अवस्था किन आयो ? मन्त्रालय तथा राष्ट्र बैंकले ध्यान दिनुपर्छ, पेट्रोलियम र कृषिजन्य वस्तुको आयात प्रतिस्थापन गर्दै उच्च मूल्य भएका वस्तुको निर्यात बढाउनुपर्छ ।" केही समय अपेक्षाकृतरुपमा रेमिट्यान्स आप्रवाह नभए पनि पछिल्लो महिनाबाट विप्रेषण आप्रवाहमा भएको सुधारले सुखद् सङ्केत गरेको उहाँको भनाइ थियो ।

नेपाल बैंकर्स संघका अध्यक्ष अनिल उपाध्यायले विदेशी मुद्रा भित्र्याउन वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई वित्तीय साक्षरता दिनुपर्ने, बैंक खाता खोल्न अनिवार्य गर्नुपर्ने, वैधानिक बाटोबाट विप्रेषण पठाउन प्रेरित गर्नुपर्ने बताउनुभयो । उहाँले कृषिजन्य वस्तुको उत्पादन वृद्धिका लागि कृषिमा दिइने अनुदानलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो । अर्थ मन्त्रालयका सहसचिव महेश आचार्यले अनुत्पादक क्षेत्रमा भइरहेको लगानीले प्रतिफल दिन नसक्दा अर्थतन्त्रमा समस्या थपिँदै गएको बताउनुभयो । वित्तीय अनुशासन कायम हुने गरी आगामी आवको बजेट निर्माणमा मन्त्रालयल लागि परेको जानकारी दिँदै उहाँले आगामी बजेटमा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिइने बताउनुभयो ।

## स्थानीय चुनावमा विकासलाई ध्यान देऊ : इन्जिनियर्स एसोसिएसन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

नेपाल ईन्जिनियर्स एसोसिएसन गण्डकी प्रदेश समितिले स्थानीय चुनाव विकासको वाहक बन्न सक्नु पर्ने बताएको छ ।

एसोसिएसनले बुधबार विज्ञप्ति जारी गर्दै देश भर उत्साहका साथ हुन लागेको निर्वाचन स्वच्छ, मर्यादित र भयरहित बन्न सक्नु पर्नेसमेत बताएको छ । सभापति ई. बृजेन्द्र केसीद्वारा जारी विज्ञप्तिमा स्थानीय निर्वाचनलाई सामान्य ढंगलेमात्र बुझेर समस्याको समाधान नहुने तर्कसमेत राखेको छ । स्थानीय जनप्रतिनिधिले विकासलाई प्राथमिकतामा राख्न नसकेको अवस्थामा एसोसिएसनले आवश्यक परे पुरा सहयोग गर्न तयार रहेको जनाएको हो । सभापति केसीले पोखरामात्र नभई सिंगो गण्डकी प्रदेशका ११ वटा जिल्लाका विभिन्न तहमा विकासलाई केन्द्रमा राख्न अनुरोध गरेको छ । नेता चुन्ने काममात्र नगरी वास्तविक विकास र जनचाहना अनुरुप काम गर्ने नेतृत्व चुन्नसमेत इन्जिनियर्स एसोसिएसनसँग आवद्ध अगुवाहरुलाई निर्देशन दिइएको छ । सभापति केसीले वौद्धिक र गर्न चाहने समूहलाई एसोसिएसनले सहयोग गर्ने वचनसमेत दिएका छन् ।

स्थानीय चुनाव, विकासको निकास बनाउन एसोसिएसनले गर्दै आएको कामलाई निरन्तरता दिने विज्ञप्तिमा उल्लेख छ । भौगोलिक हिसावमा भिन्न पहिचान बोकेको गण्डकी प्रदेशलाई नमुना प्रदेश निर्माण अभियानमा धैरै काम गर्न बाँकी रहेको भन्दै सभापति बृजेन्द्र केसीले गण्डकी प्रदेश भरका इन्जिनिएरले विकास र विकास प्रेमी नेता र नेतृत्वलाई साथ दिने बताएका हुन् । नेपाल भ्यालुयर्स एसोसिएसन गण्डकी प्रदेशका कोषाध्यक्षसमेत रहेका केसीले लोकतान्त्रिक समुह सिडेन आवद्ध अगुवाहरुलाई विकास प्रेमी र आगामी ५ वर्ष भित्र निकास सहितको विकास दिने नेतृत्वलाई स्थान दिँदै मतदान मार्फत् प्रमुख र उपप्रमुख चुन्न समेत आग्रह गरेका छन् ।

पेशागत तथा सेवामुलक संस्थाबाट परिवर्तनको आशा गर्न सकिने बताउँदै आएका केसी ३३ औं केन्द्रीय तथा प्रादेशिक कार्यकारिणी समितिमा निर्वाचित भएका हुन ।

## एमालेले जिते लालपूर्जा उपलब्ध गराइने नेता अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

नेकपा एमालेका स्थायी कमिटि सदस्य तथा संगठन विभाग प्रमुख खगराज अधिकारीले पोखरा १० का भुमिहिनहरुलाई जग्गाधनी पूर्जा उपलब्ध गराउने वताएका छन ।

नेकपा एमाले पोखरा १० ले आयोजना गरेको प्रचार प्रसार ¥याली तथा कोणसभामा वोल्दै नेता अधिकारीले उक्त कुरा वताएका हुन ।

पोखरा १० अतिनै दुखि र चिन्तित रहेको वडा यहां वरपरको बाटोहरु फराकिलो बनाउन खोजेको भएतापनि त्यसो गर्न नसकिएको वताउदै अमरसिंह क्षेत्रको बिकासका लागी स्थानिय साझेदारी कार्यक्रमहरु लिन गएको भएतापनि त्यसले सफलता पाउन नसकेको वताए । बिकासलाई अगाडि वढाउनका लागी विपक्षी टिमलाई नभइ एमालेलाई भोट दिनुपर्ने उनको भनाइ रहेको थियो ।

पोखरा १० नागिनटोलमा रहेको सुकुम्बासी बस्तीमा केही भूतपूर्व सैनिकको नेताहरुको नाममा जग्गाधनी दिने काम गरेर सुकुम्बासी हटाउने काम गरिरहेको वताउदै अबको स्थानिय तहमा एमालेलाई जिताएको खण्डमा सुकुम्बासीलाई जग्गाधनी प्रमाणपत्र दिने र उक्त बस्तीमा अवदेखी भोट माग्न नआउने उनको भनाइ रहेको थियो ।

एमालेको सरकार रहदा भुमिहिनहरुलाई लालपूर्जा वितरण गर्ने तयारी गरिरहदा परमादेशको सरकार निर्माण भएपछि उक्त विषयलाई कांग्रेसले अंगाल्न नसकेको उनको भनाइ रहेको थियो ।

## बैशाख २५ गते पोखरामा काँग्रेसको चुनावी आमसभा


**पोखरापत्र संवाददाता**
**पोखरा १९ बैशाख**

नेपाली काँग्रेस कास्कीले स्थानीय निर्वाचनलाई लक्षित गर्दै विशाल चुनावी आमसभा गर्ने भएको छ । बैशाखको २५ गते पोखरामा चुनावी आमसभा हुने पार्टीले बताएको छ । नेपाली काँग्रेस कास्कीले प्रेस विज्ञप्ती जारी गर्दै आमसभाको विषयमा जानकारी दिएको हो ।

विशाल चुनावी आमसभालाई प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउबा र नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सम्बोधन गर्ने कार्यक्रम रहेको कास्की काँग्रेसका सभापति किशोरदत्त बरालले जानकारी दिए । 'यो चुनावी आमसभामा कास्की जिल्लाभरका नेता, कार्यकर्ता र मतदाताहरुको सहभागिता हुनेछ । केन्द्रस्तरबाटै नेतृत्वमा रहेका नेताहरु आएर सम्बोधन गरेपश्चात कास्की जिल्लामा काँग्रेसको गज्जबको माहौल सृजना हुने हामीले अपेक्षा गरेका छौं ।' नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले भने–'हाम्रा उम्मेदवारहरुलाई जिताउनका लागि यो चुनावी आमसभाले महत्वपूर्ण भुमिका खेल्नेछ ।'

पोखराको अमर सिंहचोकको चौरमा विहान ११ बजेदेखि चुनावी आमसभा शुरु हुने नेपाली काँग्रेस कास्कीले जनाएको छ । साथै नेपाली काँग्रेसले सम्पूर्ण ईकाई तथा वडामा रहेका आफ्ना संयन्त्रहरुलाई आफ्ना उम्मेदवारहरुलाई वडास्तरमा कुनैपनि चुनावी कार्यक्रम नगराई सो आमसभामा सहभागी हुन निर्देशन समेत दिएको छ ।

वि.सं. २०३९ देखि शिक्षा क्षेत्रमा उत्कृष्ट नतिजा
सहित आफ्नो छुट्टै पहिचान बनाउन सफल



लिटिल स्टेप माध्यमिक विद्यालय
सिमलचौर, पोखरा-८ । फोन नं. ०६१-५२५०१३, ५३१९६५, ५५०७९६
नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !

हाम्रा विशेषता:
» सुविधासम्पन्न विज्ञान र कम्प्युटर ल्याब तथा पुस्तकालय र इन्टरनेटको सुविधा ।
» यातायातको लागि बसको सुविधा।
» शान्त शैक्षिक वातावरण तथा विभिन्न खेलका लागि पर्याप्त खेलमैदान सहित अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर अडिटोरियम हल ।
» मन्टेश्वरी विधिद्वारा अध्यापन साथसाथै छात्रवृत्तिको व्यवस्था ।
» छात्र तथा छात्राको लागि छुट्टा छुट्टै व्यवस्थित छात्रावास ।

भर्ना प्रक्रिया:
» प्लेग्रुप, नर्सरी तथा केजी कक्षामा भर्ना चलीरहेको छ भने कक्षा १ देखि ९ सम्मका लागि भर्ना फारम वितरण भइरहेको छ ।
» प्रवेश परीक्षा (कक्षा १ देखि ९): बैशाख २३ गते, समय: ११ बजे
» नयाँ शैक्षिक सत्र जेष्ठ ५ गतेबाट आरम्भ हुनेछ ।

# भद्रकालीमा कक्षा १२ का विद्यार्थीलाई बिदाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

पोखरा महानगरपालिका वडा न १३ स्थित भद्रकाली माविमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुले कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाइ वुधवार विदाइ गरेका छन् ।

भद्रकाली विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीले कार्यक्रमको उद्घाटन गर्दै पोखरामा भद्रकालीलाइ नमुन विद्यालय बनाउनकै लागि दोस्रो पटक अध्यक्ष भएको भने । समय अनुसारको आधुनिक गेट वनाएको चर्चा गर्दै अव पढाइ पनि प्रविधि मैत्री वनाउँदै लैजान अध्यक्षले वताए ।

भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख नवराज रेग्मीले मिहेनत गरेर पढेमा फल राम्रो मिल्ने भने । भद्रकाली



माविका प्रधानाध्यापक घनश्याम रिजालले मनव भएर जन्मेपछि जीवनमा श्रम गरेर अगाडि बड्नु पर्ने वताए ।

कक्षा १२ मा अध्ययनरत विद्यार्थी भोजवहादुर गुरुङले हाइस्कुल पढेर २० वर्ष चलचित्र क्षेत्रमा लागे पनि आज आएर पढ्दा जोस जाँगर झन बढ्दै गएको भने । जीवनमा सवैभन्दा ठुलो पढाइ मात्र रहेको हुनाले सवै साथीहरुले सदैव गुरुहरुको सल्लाह बामोजीम पढ्नु पर्नेमा भोजको जोड थियो । कक्षा ११ मा अध्ययनरत सलिना गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक राजेन्द्र भण्डारी लगायत वोलेको कार्यत्रममा सुदिप विकले स्वागत र वहुप्रतिभाकी धनी अस्मिता वरालले साहित्यमय भाकामा कार्यक्रम संचालन मात्र गरिनन् लोकगीतमा नाचेरनै कर्याक्रम संचालन गरिन । कार्यक्रममा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले उत्कृष्ट गायन सँगै गायन प्रस्तुति गरेका थिए ।

# सिल्टेसन ड्यामको अनियमितता खोज्छौं : आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

पोखरा महानगरमा गठबन्धनबाट मेयरका साझा उम्मेदवार धनराज आचार्यले पोखरा २३ मा बनेका सिल्टेसन ड्याममा ठूलै रकम घोटला भएको आशंका गरेका छन् ।

पोखरा २३ को घरदैलो अभियान क्रममा स्थानीयसँग कुरा गर्दै उनले अनियमितता नभएको भए बनाएको २ वर्ष नबित्दै भत्कनु नपर्ने जनाए । गठबन्धनको नेतृत्वलाई जिताउन आग्रह गर्दै उनले आफूहरुले जितेमा ड्याम बनाउँदा भएको कमी, कमजोरी खोजी गर्ने उनले बताए । फेवा किनारमा बस्ने स्थानीयको सुरक्षामा ध्यान दिनेगरी योजना बनाउने उनको प्रतिवद्धता छ । एमालेबाट जनप्रतिनिधि बनेकाहरुले के कति



कमी, कमजोरी वा घोटला गरेको छन् भनी खोज्न पनि आफुलाई भोट दिएर जिताउन वाडबासीलाई उनले अनुरोध गरे । उपमेयरका उम्मेदवार कोपिला रानाभाटले सर्वोच्चको आदेश बमोजिम फेवाताल संरक्षणका लागि महागरको तर्फबाट आवश्यक कदम चल्ने प्रतिवद्धता गरिन् । सम्पदा संरक्षण, पर्यटन विकास र आधुनिक महानगरका संरचना निर्माणका लागि गठबन्धनको जित जरुरी भएको उनको भनाइ छ । फेवातालको जलाधार क्षेत्रबाट वर्षेनी ढुंगा र माटो सहितको लेदो बगेर तालमा मिसिँदा तालको आकार साँघुरो बन्दै गएको छ । ताल संरक्षणका लागि सर्वोच्च अदालतले तीन वटै सरकारका नाममा छुट्टाछुट्टै आदेश जारी गरेको थियो । सोही आदेशपछि पोखरा महानगरपालिकाले सरसफाइ र संरक्षण गर्न ड्याम बनाएको हो । ड्याम नेकपा एमालेका मेयर मानबहादुर जिसी र उपमेयर मञ्जुदेवी गुरुङ हुँदा बनेको हो । खड्का कृष्ण/पि.के जेभी दाङले ७ करोड ८८ लाखमा ड्याम निर्माण गरेको थियो तर हस्तान्तरण गरेको २ वर्ष नबित्दै गएको असार २४ गते राति आएको बाढीले बगाएको थियो । त्यो समयमा ड्याम फुटेर गएको पानीले ठूलाखेतका ६ घरमा समेत क्षति पुर्‍याएको थियो ।

# 'नेपालको अर्थतन्त्रलाई श्रीलङ्कासँग तुलना गर्न मिल्दैन'

**रासस**
**काठमाडौं, २१ बैशाख**

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा स्वर्णिम वाग्लेले नेपालको अर्थतन्त्रलाई श्रीलङ्कासँग तुलना गर्न नमिल्ने बताउनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले 'नेपाली अर्थतन्त्रको भावी दिशा' विषयमा आज आयोजना गरेको अन्तर्क्रियामा उहाँले नेपालमा श्रीलङ्काको जस्तो आर्थिक सङ्कटको स्थिति उत्पन्न नभएको तर अर्थतन्त्रका सबै सूचकलाई ठीक ढङ्गले परिचालन गर्न वित्तीय अनुशासन कायम गर्नुपर्ने बताउनुभयो ।

"नेपालमा आर्थिक सङ्कट आएको छैन, श्रीलङ्कासँग तुलनै गर्न मिल्दैन तर, नीतिगत र आर्थिक कमजोरी कारण नेपालमा पनि आर्थिक सङ्कटको खतरा कायमै छ, त्यसैले वित्तीय अनुशासन कायम राख्न प्रशासनिक सुधार र नीतिगत सुधार जरुरी छ", डा वाग्लेले भन्नुभयो । अर्थशास्त्री डा वाग्लेले मुलुकमा मौलाउँदै गएको कुशासन र हचुवामा गरिने निर्णयले दुर्घटना निम्त्याउन सक्ने खतरा पनि औँल्याउनुभयो । नेपालको सार्वजनिक ऋण तथा शोधनान्तर स्थिति नभई शासकीय चरित्र भने श्रीलङ्काको जस्तै रहेको तर अर्थतन्त्रको प्रवृत्ति भने फरक-फरक रहेको उल्लेख गर्नुभयो । उहाँले तिर्न नसक्ने ऋण र पुर्न नसक्ने घाटा श्रीलङ्काको आर्थिक सङ्कटको मुख्य कारण रहेको भन्दै नेपालले पनि बेलैमा सजगता अपनाउनुपर्ने बताउनुभयो । डा वाग्लेले श्रीलङ्काले सशस्त्र द्वन्द्व सकिएपछि पूर्वाधारमा अन्धाधुन्ध ऋण लिएको सन्दर्भ निकाल्दै बिना अध्ययन विदेशी ऋण लिएर लगानी गरेका कारण आर्थिक सङ्कटको सामना गर्नुपरेको उल्लेख गर्नुभयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले अर्थतन्त्रको सवलीकरणमा सरकार र निजी क्षेत्रले सामूहिक प्रयत्न गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले अर्थतन्त्रलाई सही बटोमा अघि बढाउन सरकारी तवरबाट नीतिगत सुधार आवश्यक भएको बताउनुभयो । अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार सुरेन्द्र उप्रेतीले मुलुकको समग्र अर्थतन्त्र सन्तुलित दिशामै रहेकाले आत्तिनुपर्ने अवस्था नरहेको बताउनुभयो । उहाँले अर्थतन्त्रका सबैजसो क्षेत्र चलायमान भइरहेकाले ५.८ प्रतिशतको आर्थिक वृद्धि प्राप्ति हुने प्रशस्त आधार तयार भएको उल्लेख गर्नुभयो ।

उप्रेतीले दिगो आर्थिक विकासका लागि उत्पादनमा आधारित आर्थिक विकासमा कृषि, रोजगारीलाई प्राथमिकता दिएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । बैंकर्स सङ्घका उपाध्यक्ष सुनिल केसीले तरलता अभाव चालु आर्थिक वर्षभर नै कायम रहने बताउनुभयो ।

विश्व बैंककी वरिष्ठ अर्थशास्त्री एलिस जोन ब्रुक्सले नेपालमा जलविद्युत् उत्पादन र बायोग्यासको प्रयोग बढ्दै गएकाले चर्चामा आएजस्तो मूल्यवृद्धि उच्च तहमा नजाने बताउनुभयो । जिडीपीको तुलनामा नेपालमा सार्वजनिक ऋणको अवस्था सन्तोषजनक रहेकाले अर्थतन्त्रको अवस्थालाई लिएर आत्तिहाल्नुपर्ने अवस्था नरहेको उहाँको भनाइ थियो ।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले अध्यक्षता गरेको 'अर्थतन्त्रको बाह्य क्षेत्र' विषयको संवादमा अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ)का पूर्वतथ्याङ्क विभाग प्रमुख डा मानिकलाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने 'तरलता सङ्कट र वित्तीय स्थायित्व' विषयमा अर्थशास्त्री विश्वास गौचनले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सेजनका अध्यक्ष जनार्दन बराललेे विद्यमान अर्थतन्त्रबारे आम नागरिकको चासो रहेकाले विभिन्न सरोकारवाला र अर्थविज्ञहरूबीच अर्थ संवाद आयोजना गरिएको बताउनुभयो ।

# चितवनमा प्रधानमन्त्री देउवा निजी गाडीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

प्रधानमन्त्री शेरबहादुर देउवा चितवन झरेसँगै निजी गाडीमा सवार हुनुभएको छ ।

नेपाली कांग्रेसका सभापति देउवा पार्टीको कामका लागि आउनुभएकाले भरतपुर विमानस्थलबाट आफू बसेको होटलसम्म निजी गाडीमा पुग्नुभएको हो ।

प्रधानमन्त्री देउवा यहाँ आउनुअघि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा बिहीबार सत्ता गठबन्धनले गर्न लागेको सभामा प्रधानमन्त्रीले आचारसंहिता उल्लङ्घन गरेर आउन लागेको भन्दै उजुरी परेको थियो । कांग्रेस केन्द्रीय सदस्य उमेश श्रेष्ठको बा३च २०४० नंको ल्याण्डक्रुजर गाडीमा देउवा होटल पुग्नुभएको हो । श्रेष्ठले निर्वाचन आचारसंहिता पालना गर्दै पार्टी सभापतिसमेत रहनुभएका देउवा झण्डाबिना आफ्नो गाडीमा सवार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ रहँदा सभापतिज्यू निजी गाडीमा हिँडडुल गर्नुहुन्छ ।"

श्रेष्ठका अनुसार देउवा यहाँ रहँदा पार्टीको व्यवस्थापनमा बस्नु हुनेछ । उहाँले थप्नुभयो, "सबै खर्च पार्टीले गर्नेछ ।" सभापति देउवा र उहाँको समूह रहेको होटल सिराइचुलीका मुख्य सञ्चालक श्रेष्ठ नै हुनुहुन्छ । पार्टी सभापति देउवा आज विराटनगरबाट नेपाली सेनाको एनए ०६२ कलसाइन रहेको जहाजबाट आउनुभएको हो । उहाँका प्रेस सल्लाहकार गोविन्द परियारका अनुसार सो जहाज नेपाली कांग्रेसले भाडामा ल्याएको हो । उहाँले भन्नुभयो, "निर्वाचन आयोगसँग अनुमति लिएर पार्टीले भाडामा जहाज ल्याएको हो ।"

जिल्लामा सत्ता गठबन्धनले गर्न लागेको जनसभालाई सम्बोधन गर्न देउवा आउनुभएको हो । उहाँसँगै पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल पनि आज आउनुभएको छ ।

सभालाई नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालसहितका नेताले सम्बोधन गर्ने कार्यक्रम छ । भरतपुर महानगरपालिकामा गठबन्धनका तर्फबाट माओवादी केन्द्रका नेतृ रेनु दाहाल प्रमुख पदमा उम्मेदवार हुनुहुन्छ । त्यस्तै उपप्रमुख पदमा नेपाली कांग्रेसबाट चित्रसेन अधिकारी उम्मेदवार बन्नुभएको छ ।

# निर्वाचन आचारसंहिता विपरीतका माइक बरामद

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

आसन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिएर प्रचार प्रसारमा जुटेका जिल्लाका राजनीतिक दल र उम्मेदवारहरूले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेका छन् ।

उम्मेदवारहरूले आचारसंहिता विपरीतका कार्य गरेको जनगुनासापछि मुख्य निर्वाचन अधिकृतको कार्यालय कास्कीको जिल्ला आचारसंहिता अनुगमन समितिबाट पोखरा महानगरका विभिन्न वडामा अनुगमन गर्दा निर्वाचन आचारसंहिताको उल्लङ्घन भएको पुष्टि भएको छ ।

समितिले मङ्गलबार साँझ ५ बजे पोखराका विभिन्न वडामा निर्वाचन प्रचार प्रसार कार्यको अनुगमन गर्दा आचारसंहिता विपरीत प्रयोग गरिएका १५ थान लाउड स्पिकर (माइक) बरामद गरेको छ । जिल्ला आचारसंहिता अनुगमन समितिका सदस्य-सचिव हुमनाथ पराजुलीको नेतृत्वमा पोखराका वडा नं १, २, ३, ६, ७, ८, ९ र १० मा अनुगमन गर्दा माइक बरामद गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका आचारसंहिता अनुगमन अधिकृत निलप्रसाद पनेरुले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन आचारसंहितालाई पूर्ण कार्यान्वयन गर्न आमसभा र कोणसभा गर्न अनुमति प्राप्त स्थानमा बाहेक सवारी साधन वा अन्य कुनै स्थानमा राजनीतिक दल, स्वतन्त्र उम्मेदवार वा व्यक्तिले माइक प्रयोग गर्न पाउँदैनन् । कार्यालयले आगामी दिनमा अनुमति प्राप्त स्थानमा बाहेक अन्यत्र माइक प्रयोग नगर्ने/नगराउने सर्तनामा सहित एक पटकका लागि माइक फिर्ता गरिएको जनाएको छ । राजनीतिक दल तथा उम्मेदवार हरूबाट पुनः लाउड स्पिकर प्रयोग गरेको पाइएमा कानुन बमोजिम कारबाही हुनेसमेत जनाएको छ ।

स्थानीय तह निर्वाचनको मिति नजिकिँदै जाँदा उम्मेदवार हरूले चुनावी प्रचार अभियानलाई तीव्र बनाएका छन् । विभिन्न दल र उम्मेदवारले वडा वडामा सांस्कृतिक कार्यक्रमसहित चर्को आवाजमा कार्यक्रम गर्दा आचारसंहिता उल्लङ्घन हुने गरेको पाइएको छ ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# विप्लव पार्टी विभाजनतिर

चुनावमा भाग लिने कि नलिने विषयमा नेकपा विभाजनमा पुगेको छ। महासचिव विप्लवसहित प्रवक्ता खड्गबहादुर विश्वकर्मा पक्षले हेमन्तप्रकाश ओली 'सुदर्शन' र धर्मेन्द्र बास्तोलालाई कारबाही गरे लगत्तै ओली र बास्तोला पक्षले पनि विप्लव पक्षलाई कारबाही गर्दै पार्टीको आधिकारिकता दाबी गर्नीतर लागेको छ। पार्टीमा सबैभन्दा पहिले गत वैशाख १२ गते सचिवालय सदस्य धर्मेन्द्र बास्तोलाले पार्टी नीति विपरीत स्थानीय तहमा उम्मेदवारी दिएका कार्यकर्तालाई फिर्ता हुन भन्दै विज्ञप्ति जारी गरेपछि आन्तरिक विवाद छताछुल्ल भएको थियो। पार्टी केन्द्रीय समिति बैठकले केन्द्रीय सदस्यसहित जिल्ला तहका नेताले निर्वाचनमा भाग नलिने, यदि लिएमा पदबाट राजीनामा दिने निर्णय गरे पनि कार्यान्वयन नभएपछि प्रेस वक्तव्यमार्फत बास्तोलाले उम्मेदवारी फिर्ता लिन आग्रह गरेका थिए।

पार्टी निर्णय कार्यान्वयन गर्दै स्थानीय तहका उम्मेदवारी फिर्ता लिएर सहज वातावरण बनाउनु पर्ने आशयको विज्ञप्ति बास्तोलाले निकाले लगत्तै वैशाख १४ गते विप्लवले ओली र बास्तोलालाई कारबाही गरेका थिए। पार्टी नीति विपरीत वक्तव्य निकाल्ने र मिडियामा आलोचना गरेको भन्दै दुवैलाई उनले पार्टीका सम्पूर्ण जिम्मेवारीबाट मुक्त गरेको जानकारी दिँदै वक्तव्य जारी गरेका थिए। विप्लवले ओली र बास्तोला दुवैलाई पार्टीबाट निकाले पछि बुधबार ओली-बास्तोला पक्षको चितवनमा बसेको भेलाले विप्लवलाई महासचिव र प्रवक्ता विश्वकर्मालाई समेत हटाएको छ। पार्टी महासचिवबाट विप्लवलाई हटाएपछि संयोजकमा बास्तोलालाई तोकिएको छ। विप्लव पक्षलाई कारबाही गरेर ओली-बास्तोला पक्षले आफूहरु नै पार्टीको आधिकारिक रहेको दाबी गरेका छन्। आफ्नो पक्षमा ४० जनाभन्दा बढी केन्द्रीय सदस्य भएको ओली-बास्तोला पक्षको दाबी छ। ओली-बास्तोला पक्षको भेला बिहीबार सकिने भएकाले सबै निर्णय त्यसपछि मात्रै सावर्जनिक गर्ने बताइएको छ।

विप्लव समूहमा एकले अर्कोलाई कारबाही तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को झझल्को आउनेगरी भएको छ। तत्कालीन नेकपामा अध्यक्ष केपी ओलीपक्ष र पुष्पकमल दाहाल 'प्रचण्ड'पक्षबीच एकअर्कामाथि कारबाहीको होड चलेको थियो। पार्टीको बहुमतबाट प्रचण्डसहित माधवकुमार नेपालले ओलीसहित महासचिव विष्णु पौडेललाई हटाएका थिए। विप्लव समूहमा पनि एकले अर्कालाई कारबाही गरेपछि अब एउटै पार्टी हुने अवस्था टरेको छ। पार्टी फुटेको छ। विप्लव समूहले आफूलाई एउटा क्रान्तिकारी पार्टीको रूपमा दाबी गर्दै आए पनि अन्ततः त्यही क्रान्तिको धङधडीबाट विभाजन भएको छ। तत्कालीन एकीकृत नेकपा माओवादीका अध्यक्ष प्रचण्डले क्रान्ति नगरेको भन्दै २०६९ सालमा मोहन वैद्यसहित विप्लवले विद्रोह गरेर नेकपा-माओवादी गठन गरेका थिए। वैद्यले पार्टी गठन गरेको २ वर्ष पुग्न नपाउँदै विप्लवले वैद्यबाट क्रान्ति नहुने भन्दै २०७१ सालमा चितवनमा भेला गरेर नयाँ पार्टी गठन गरेका थिए। त्यसको ठिक आठ वर्षपछि चितवन भेलाबाट विप्लवलाई कारबाही गरेर पार्टी संयोजकमा बास्तोलालाई चयन गरिएको छ।

विप्लव समूह अब दुई टुक्रामा विभाजित भएको छ। विप्लव समूहमा लागेका धेरैजसो नेता कार्यकर्ता प्रचण्ड नेतृत्वको माओवादी केन्द्रमा जोडिएका छन्। कतिपय रामबहादुर थापाको साथ लागेर एमालेमा पुगेका छन्। विप्लव समूहमा भएका बाँकी नेता कार्यकर्ता समेत दुई चिरामा विभाजित भएका छन्। विप्लव समूह खासमा स्थानीय चुनावलाई लिएर विभाजित भएको भनिए पनि चुनावी तालमेललाई लिएर दुई चिरामा विभाजित भएको हो। स्थानीय चुनावमा विप्लव सहित विश्वकर्मापक्ष एमाले अध्यक्ष केपी ओलीसँग तालमेल गरेर जाने पक्षमा थिए। त्यसैले विप्लवले केन्द्रीय समितिमा समेत एमाले एमसीसी विरोधी राष्ट्रवादी शक्ति भएको भन्दै घुमाउरो भाषामा उसैसँग तालमेल गरेर जाने प्रस्ताव ल्याएका थिए। विप्लवको प्रस्तावलाई ओली र बास्तोला पक्षले डटेर प्रतिवाद गर्दै असफल बनाएपछि झण्डै विप्लव महासचिवबाट राजीनामा दिने अवस्थामा पुगेका थिए। अन्तमा बिचको बाटो अख्तियार गरेर स्थानीय चुनाव बहिस्कार गर्ने, यदि चुनावमा जाने भएमा केन्द्रीय सदस्य सहित जिल्ला कमिटी सदस्य उम्मेदवार भई निर्वाचनमा भाग नलिने निर्णय भएको थियो। तर, पार्टी निर्णय विपरीत केन्द्रीय सदस्यहरु स्थानीय तहको उम्मेदवार भई एमालेसँग चुनावी तालमेल भएपछि विप्लव समूहमा विवादले उग्र रुप लिएको हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : मन चञ्चल |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जातीय विभेदलाई चुनावी प्रोपोकाण्डा भनेर उम्किन पाइदैनस् : दलित समुदाय

पोखरापत्र संवाददाता

पोखरा, २१ बैशाख

पोखरा २३ का दलित समुदायका रामजी घोताङले नेकपा एमालेको तर्फबाट मेयरका उम्मेदवारी दिएका कृष्ण थापाले जातीय विभेदको आरोपलाई वेवास्ता गर्नु दलित समुदायलाई सह्य नभएको बताएका छन्।

घोताङेले दलित समुदायले बोल्न समेत नपाएको अवस्थामा गठबन्धनले बोल्ने अवसर दिँदै जातीय भेदभावको अन्त्य गर्ने कामको सुरूवात भएको बताए।

अहिले दलितको आत्मसम्मानमा आघात पर्ने अभिव्यक्त आएको र त्यसको प्रतिकार गर्न जरुरी रहेको उनले बताए। उनले दलित समुदायलाई आग्रह गर्दै यो विभेद विरुद्ध लाग्नुपर्ने बताए। 'एमालेमा सामन्तवादी सोच रहेको र हामी सबै नेपाली भएकाले जातीय भेदभाव हुन दिनुहुँदैन्,' उनले भने, 'न्यायको लडाई हो। दलित प्रतिनिधिले विकासका लागि सोच्न पर्ने बेला आएको छ।'

गठबन्धनले वडा २३ जातीय विभेदयुक्त वडा बनाउन उनले उम्मेदवारलाई आग्रह गरे। नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रको वडा सदस्य विष्णु घोताने एमाले मेयरका उम्मेदवार कृष्ण थापाको अभिव्यक्तिले दलित समुदायमा ठोस पुगेको बताए। उनले २३ वडाअध्यक्षले जातीय भेदभाव उन्मुलनको बारेमा वकालत गर्न नसकेको बताए। 'हामीले पुरातन सोंच हटाउनुपर्छ। परम्पराले हेपेपनि अहिले त्यही कायम गरिनुहुँदैन्,' उनले भने, 'दलीत भएपनि सम्मानजनक जिउन पाउनुपर्छ। पशुलाई भन्दा तल्लो व्यवहार देखाउन पाइदैन्।'

वडा अध्यक्षका उम्मेदवार रामकाजी गुरुङले वडा २३ लाई भिभेदमुक्त वडा बनाउने बताए। उनले वडा २३ मा विकासका साथै विभेदको समेत अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले वडालाई न्याय र समनाताको वडा बनाउने बताए।

घरदैलोमा वडा २३ पुगेका गठबन्धनबाट पोखरा मेयरका उम्मेदवार धनराज आचार्य र उपप्रमुख कोपिला रानाभाटले दलित अधिकारको हकहितमा आफूहरु सधै लागि पर्ने प्रतिबद्धता जनाए।

# वडा नं १३ का स्वतन्त्र उम्मोदवारी बरालद्धारा उम्मेदवारी फिर्ता

पोखरापत्र संवाददाता

पोखरा, २१ बैशाख

स्थानीय निर्वाचनमा पोखरा महानगरापलिका वडा नं १३ बाट वडाध्यक्षका लागि स्वतन्त्र उम्मेदवारी दिएका विष्णुप्रसाद बरालले उम्मेदवारी फिर्ता लिएका छन्। नेपाली काँग्रेसको हितका लागि उम्मेदवारी फिर्ता लिएको बुधबार बरालद्धारा जारी विज्ञप्तीमा उल्लेख छ। नेपाली काँग्रेस क्षेत्र नं १ को क्षेत्रीय कार्यसमितिबाट उम्मेदवारी वितरणमा प्रजातान्त्रिक चरित्र र मान्यता अनुरुप आवश्यक प्रक्रिया पुरा नगरी उम्मेदवारी घोषणा गरिएकोले त्यसको विरुद्धमास्वतन्त्र उम्मेदवारी दिएका बरालले बुधबार एक विज्ञप्ती जारी गर्दै पार्टीको हितका लागि उम्मेदवारी फिर्ता लिएको जनाएका छन्।

'काँग्रेसभित्र प्रजातान्त्रिक मूल्य, मान्यता र संस्कारको स्थापना गर्ने कार्यमा दबाब सिर्जना गर्न मैले स्वतन्त्र उम्मेदवारी दिएका थिए' बरालद्धारा हस्ताक्षरित विज्ञप्तीमा भनिएको छ 'लामो समयदेखि संलग्न पार्टीमा म मात्र खुशी भएर हुदैन, नेता र कार्यकर्ताहरु सबै खुशी हुनु आवश्यक छ यसैले पनि सबैको हित र खुशीका लागि मैले उम्मेदवार फिर्ता लिएको छु।'

लामो समयदेखि नेपाली काँग्रेसको राजनीतिमा सक्रिय बरालले वडा नं १३ को वडा अध्यक्ष पदका लागि दिएको स्वतन्त्र उम्मेदवार फिर्ता लिएको निर्णयप्रति नेपाली काँग्रेस कास्कीका नेता तथा कार्यकर्ताहरु हर्षित बनेका छन्।

# कृस्ती निर्मलपोखरीमा नागरिक पार्टीको घरदैलो

पोखरापत्र संवाददाता

पोखरा, २१ बैशाख

पोखरा महानगरपालिका वडा नं. २१ मा अध्यक्ष लगाएत सबै पदमा उम्मेदवारी दिएको राष्ट्रिय नागरिक पार्टीले बुधबार घरदैलो कार्यक्रम गरेको छ।

पार्टीका केन्द्रिय सहमहामन्त्री सागर कार्की, केन्द्रिय सदस्य कृष्ण रानाभाटसहित अध्यक्ष पदका उम्मेदवार लक्ष्मण सुनार, महिला सदस्यमा तुल कुमारी थापामगर, दलित महिला सदस्य नारायणी परियार र खुल्ला सदस्यमा प्रदिप सुनार र विष्णु बहादुर थापाले पोखरा २१ का कृस्ती नाच्नेचौर, निर्मलपोखरी, फुर्सेखोला लगाएतका क्षेत्रमा मतदाताको घरदैलोमा गइ आफ्नो पार्टीलाई जिताउन आग्रह गरेका छन्।

राष्ट्रिय नागरिक पार्टीबाट पोखराको मेयरमा सृजनादेवि रिजाल कार्की र पोखरा ९ को वडा सदस्य पदमा कृष्ण रानाभाटले उम्मेदवारी दिएका छन्।

# एमालेले चुनाव जितेको घोषणा हुन मात्रै बाँकी छः भण्डारी

पोखरापत्र संवाददाता

पोखरा, २१ बैशाख

नेकपा एमाले पोखरा २६ का वडा अध्यक्षका उमेद्वार सूर्यनाथ भण्डारीले जित हासिल गरिसकेको र अब घोषणा हुन मात्रै बाँकी रहेको बताएका छन्।

भण्डारीले एमालेप्रति जनताको उल्लेखनीय उत्साहा रहेको र एमाले नै विकास गर्ने पार्टी रहेको बताए। नेकपा एमाले कास्की जिल्ला सदस्य रमेश रानाभाटले अहिलेको चुनावमा एमाले वडा नं २६ का उमेद्वारले १ हजारभन्दा बढी मतले विजय गर्ने बताएका छन्। वडा सदस्यका उमेद्वार धुर्व थापाले युवाको माग र समस्या पूरा गर्न एमालेले मात्रै गर्ने सक्ने बताए। अर्का उमेद्वार बसन्त बन्जराले हामीले तयार पारेको घोषणा पालान गर्ने बताएका छन्। महिला उमेद्वार प्रमिला बराल भण्डारीले महिलाको हकहितमा काम गर्ने पार्टी एमाले मात्रै भएको बताइन्। त्यसैगरी दलित महिला सदस्य शर्मिला सुनारले दलित तथा जनजातिको समस्याको हल गर्ने पार्टी एमाले भएको बताएकी छिन्। पोखरा २६ का नेकपा एमाले उमेद्वारले घरदैलो कार्यक्रम नियमित गरेका छन्। चुनाव प्रचारप्रसार समिति संयोजक रामचन्द्र तिमिल्सिनाने सूर्य ध्वाजाबाहक ५ जनालाई नजिताई विश्राम नगर्ने बताए। संयोजक तिमिल्सिनाको नेतृत्वमा गरेर भएको घरदैलो कार्यक्रममा आसन्न स्थानीय तहको निर्वाचन सात सूर्यमा सात छाप लगाई पोखरा महानगरपालिकाका मेयरको उमेद्वार कृष्ण थापा, उपमेयर मञ्जु गुरुङ लगायत वडा नं २६ का वडाध्यक्षका उमेद्वार भण्डारीसहित सदस्यमा धुर्व थापा बसन्त बन्जरा, प्रमिला बराल भण्डारी र शर्मिला सुनारलाई अत्यधिक बहुमतले विजयी गराउन अनुरोध गरेका छन्।

जिल्ला कमिटी सदस्य, प्रदेश कमिटी सदस्य, महानगर कमिटी सदस्य, वडा कमिटी सदस्य, टोल कमिटीका अध्यक्ष दिपक नाथ भण्डारी तथा वडा अध्यक्ष नारायण प्रसाद बराल, हरिश्चन्द्र देवकोटा, खड्का रानाभाट, विकास अधिकारी, वामदेव ढुंगाना, रामहरि ढुंगाना, रामकृष्ण जि.सी. लगायत पदाधिकारीको सक्रिय सहभागिता थियो। आज सिमलपोखरा, पैलिको फेदी, घैटेखोर, खरानेफाँट लगायत ठाउँमा घर दैलो गरेका छन्।

# बृद्ध भत्ता वडाबाटै वितरणको व्यबस्था मिलाउन स्थानियको माग

पोखरापत्र संवाददाता

पोखरा, २१ बैशाख

पोखरा २२ (पुम्दी भुम्दी) बासीले बृद्ध भत्ता वडाबाटै वितरणको व्यबस्था हुनुपर्ने माग गरेका छन्। पोखरा २२ का साझा उमेदवार वडा अध्यक्षका प्रत्यासी हिमलाल बरालको नेतृत्व टोली समक्ष स्थानियले बृद्ध भत्ता बैंकबाट वितरण हुदा घण्टौं लाइनमा बस्नु पर्ने र छोरेपाटनसम्म जना समेत झन्झट भएकोले वडाबाटै बृद्ध भत्ता वितरणको व्यबस्था मिलाउन माग गरेका हुन्।

गठबन्धनका साझा उमेदवार समेत रहेका अध्यक्षका प्रत्यासी बराल नेतृत्वको चुनावी प्रचार प्रसार अभियानमा स्थानियले डहरा, कोदी लगायतको क्षेत्रमा खानेपानीको समस्या राखेको माओबादी केन्द्र पोखरा २२ का अध्यक्ष नवराज बरालले बताए। उक्त चुनाव प्रचार अभियान अर्न्तगत टोली बुधबार अनदु, सिम्ले पात्ले, कालिमाटी, डहरा, कोदी लगायतको क्षेत्रमा घर दैलो कार्यक्रम आयोजना भएको काग्रेंस नेता प्रकाश बरालले बताए। स्वतन्त्र उमेदवारको रुपमा हाल गठबन्धनको साझा उमेदवार भएका हिमलाल बरालले आफुलाई भूई कटर चिन्हःमा मतदान गर्न स्थानिय समक्ष आग्रह गर्दै जनताको इच्छा अनुसार तथा वडाले भ्याएसम्मका काम काज सहज र सरीकरण गर्ने आफ्नो योजना रहेको बताए। पोखरा २२ को अन्य सदस्यका प्रत्यासीमा काग्रेंसकी लक्ष्मी बराल महिला सदस्य, माओबादी केन्द्रकी कल्पना रसाइली दलित महिला सदस्यमा, खुल्ला सदस्यमा चेतभक्त बराल र हुम बहादुर गुरुङ रहेका छन्। समाजवादीको चुनाव चिन्हः कलम, काग्रेंसको रुख, माओबादीको हसिया हतौडा रहेको छ। मुन्नत पोखराको आधार सबल अर्थतन्त्र र पुर्वाधार भन्ने नाराका साथ ५ दलीय गठबन्धनले पोखराको मेयरमा नेकपा एकिकृत समाजबादीका धनराज आचार्यलाई मेयरमा, काग्रेंकी नेतृ कोपिला रानाभाटलाई उपमेयरमा उमेदवारको रुपमा उठाएको छ।


## अर्जेन्ट चाहियो

'New Branch'

**अफिसको लागि**

साधारण लेखपढः ३ जना

+ 2 above : ४ जना

SLC: ५ जना

तलबः १२,५०० देखि १८,५०० सम्म

सम्पर्कः

९८०६५४८०४९

९८५६०३२३५१



## सिमला आधारभूत विद्यालय

**पोखरा-१३, आर्व कास्की**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस विद्यालयको लागि तपशिल उल्लेखित फर्निचर सामाग्रीहरु खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थपा जानकारीको लागि सम्पर्क नं. ९८४६०४९९७३ मा सम्पर्क गर्नुहोला।

| क्र.सं. | विवरण | थान |
|---|---|---|
| १ | फलामको डेस्क र बेन्च ( ५'×२ १/२') | २ थान |
| २ | अफिस टेवल (५'×२') | १० थान |
| ३ | चिप्लेटी (५' उचाई ×८' लम्बाई) | १ थान |
| ४ | फलाको स्काप चियर | ८ थान |
| ५ | प्लाष्टिक कुर्ची (हत्ता नभएको) | ९० थान |

कमल सुनार

अध्यक्ष



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।

इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः

वि.सं. २०१०/०५/१२

स्वर्गारोहण :

२०७९/०१/०७

**स्व. बसुन्धर गुरुङ**

पुरानो गाउँ कास्की अन्नपूर्ण गा.पा. वडा नं. ८, छेदागाउँ हाल पोखरा म.न.पा. वडा नं. १०, अमरसिंह चोक निवासी पंगीलामा परिवारको सदस्य स्वा. भिम बहादुर गुरुङको श्रीमती **बसुन्धर गुरुङ** को ६९ वर्षको उमेरमा निधन भएको आज १६ औं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ई. कृष्ण बहादुर गुरुङ** अध्यक्ष — एवम् — **रामप्रसाद गुरुङ** सचिव

**सम्पूर्ण ताङ्ले पंगीलामा परिवार**

नोट : स्व. श्रीमती बसुन्धर गुरुङको पितृकार्य (अर्घु) २०७९ बैशाख २२/२३ गते भुरुर्दा स्योउँ समाज पोखरा-१०, कास्कीमा हुँदैछ।

# पोखरा ३१ मा एमालेको चुनावी अभियान जारी

पोखरापत्र संवाददाता
पोखरा, २१ वैशाख

नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं संगठन विभाग प्रमुख खगराज अधिकारीले आसन्न स्थानीय तहको निर्वाचनमा सुर्य चिन्हमा मतदान गरि एमालेलाई बिजयी गराउन आग्रह गरेका छन् ।

नेकपा एमाले पोखरा ३१ को घरदैलो कार्यक्रममा सहभागी बन्दै नेता अधिकारीले बिकास र समृद्धिको लागि एमालेको बिकल्प नभएकोले सुर्य चिन्हमा मतदान गरि एमालेलाई अत्याधिक बहुमतले बिजयी गराईदिन मतदातालाई आग्रह गरेका हुन् । नेकपा एमाले र नेकपा माओवादी केन्द्र बिचको एकता पछि बनेको नेकपाको निरन्तरता नेकपा एमाले नै भएकोले सुर्य चिन्हमा मतदान गरि एकता अभियानलाई निरन्तरता दिन माओवादीलाई उनको आग्रह थियो । आफ्नो चुनाब चिन्हमा भोट हाल्न नपाएका मतदाता साथीहरूले पनि यो पटक सुर्य चिन्हमा मतदान गरि सहयोग गर्न नेता अधिकारीले आग्रह गरे । एमालेले मेयर, उपमेयर, वडा अध्यक्ष लगायतका पदमा सक्षम ब्यक्तिलाई अगाडी सारेको भन्दै सबै पदका उम्मेदवारहरु लाई अत्याधिक मतले बिजयी गराएर स्थानीय तहको बिकास र समृद्धि नेतृत्व एमालेलाई सुम्पन समेत आग्रह गरे । गृह वडा समेत रहेको पोखरा ३१ मा पुगेका अधिकारीले वडा भित्रका शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता क्षेत्रमा उल्लेखनीय काम भएको दाबी गर्दै यातायातको क्षेत्रमा बेगनासताल भञ्ज्याङ् तालबेसी सडकलाई रणनीतिक रुपमा प्राथमिकताका साथ पहल गरिएकोले यो कामले पनि छिट्टै पुर्णता पाउने बताए ।

कार्यक्रममा पोखरा ३१ का लागि एमालेबाट वडा अध्यक्ष पदका उम्मेदवार चिरञ्जीवी बन्जराले घरदैलोको क्रममा मतदाताको उत्साहजनक प्रतिक्रिया पाईरहेको र आफ्नो टिम जितको नजिक रहेको बताए । उनले भने "हामीहरू जहाँ जहाँ पुगेका छौ त्यहाँ मतदाताको सकारात्मक र उर्जा सहितको प्रतिक्रिया पाईरहेका छौ । सबैको माया र साथले हाम्रो टिम जितको नजिक पुगेको महसुस गरेका छौ ।"

आफ्नो जित सुनिश्चित रहेको भन्दै उनले आफूले पोखरा ३१ लाई समृद्धि बनाउने सपना देखेको र त्यो पूरा हुने दिशामा रहेको दाबी गरे । उनले निर्वाचित भएपछि ५ बर्ष आफ्नो ध्यान वडाको शिक्षा, स्वास्थ्य, यातायात, संचार र रोजगारी जस्ता बिकासका पुर्वाधार निर्माणमा केन्द्रित हुने बताए ।

नेकपा एमाले पोखरा ३१ ले पुरानो बिरासत जोगाउने लक्ष्य सहित बुधबार पनि घरदैलो कार्यक्रमलाई निरन्तरता दिएको छ । बुधबार भञ्ज्याङ, साहुँकुना, सुन्दरीडाँडा, सिमलडाडा र उपल्लो गुरुङ्ग गाउँ लगायतका टोलहरुमा घरदैलो कार्यक्रम सम्पन्न गरेको प्रचार-प्रसार समितिका संयोजक एवं वडा कमिटीका सचीव पुरुषोतम अधिकारीले जानकारी दिए ।घरदैलो कार्यक्रममा चुनाव प्रचारप्रसार कमिटी, पार्टी कमिटी, सल्लाहकार, बुद्धिजीवी युवासंघ, महिला समुह लगायतको उत्साहजनक सहभागीता रहेको अधिकारीले बताए । घरदैलो कार्यक्रम बिहीवार पनि जारी रहने प्रचारप्रसार समितिले जनाएको छ ।

स्थानिय तहको निर्वाचनका लागि पोखरा महानगरपालिका वडा नम्बर ३१ बाट नेकपा एमालेले अध्यक्षमा चिरञ्जीवी बन्जरा, खुल्ला सदस्यहरूमा देबेन्द्र अधिकारी र बिनोदमणी लामिछाने , महिला सदस्यमा धनदेवी तिवारी र दलित महिला सदस्यमा तारा नेपालीलाई चुनावी मैदानमा उतारेको छ ।

पोखरा महानगरपालिका ३१ एमालेको राम्रो जनाधार भएको क्षेत्र मानिन्छ । गत २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा उक्त वडाका सबै पदमा नेकपा एमालेका उम्मेदवार फराकिलो मतान्तरले बिजयी भएको थिए ।

# पोखरामा गठबन्धनको घोषणा : 'महानगर स्वरोजगार कार्यक्रम' सञ्चालन गर्छौं

पोखरापत्र संवाददाता
पोखरा, २१ वैशाख

पोखरा महानगरपालिकामा ५ दलीय गठबन्धनका साझा उम्मेदवारले महानगर स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका छन् ।

गठबन्धनका तर्फबाट मेयरका उम्मेदवार बनेका धनराज आचार्य र उपमेयरको उम्मेदवार कोपिला रानाभाटले चुनावी घोषणापत्रमा दक्ष जनशक्तिलाई स्थानीयस्तरमा परिचालन गर्नका लागि महानगर स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने जनाएका हुन् । यस्तै स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरि रोजगारीका अवसर सिर्जना गर्ने उनीहरुको योजना छ । आफूहरु निर्वाचित भएमा मानव संसाधन विकाश केन्द्र स्थापना गर्ने उनीहरुले जनाएका छन् । रोजगारीका लागि सहजीकरण, समन्वय, सञ्जालीकरण, नवप्रवर्तन र अनलाईन रोजगार जस्ता बजार सेवा प्रदान गर्न महानगरभित्र मानव संसाधन विकाश केन्द्र स्थापना गर्ने उनीहरुको प्रतिबद्धतापत्रमा उल्लेख छ । यसैगरी रेमिट्यान्स परिचालन गरी पूर्वाधार निर्माण र उद्यमशिलता प्रर्वद्धन गर्न विप्रेषण सदुपयोग कार्यक्रम सञ्चालन गर्ने योजना उनीहरुको छ । परम्परागत सीप र उपकरणको राष्ट्रिय तथा अन्तर ष्ट्रिय स्तरमा व्यावसायीकरण गर्ने साथै परियोजना धितोमा युवा व्यावसायीलाई १० लाखसम्म स्टार्ट अपका लागि ऋण लगानी गर्ने उम्मेदवारहरुले प्रतिवद्धता जनाएका छन् ।

पोखरा महानगरमा सक्षम परियोजना सञ्चालन गरी ६ महिनामा ३ हजार रोजगारी थप गर्ने योजनाका साथ +२ सकेका युवालाई यसमा जोड्ने योजना गठबन्धनका उम्मेदवारहरुको छ । जसमा भाषा, होटल म्यानेजमेन्ट, मोबाईल मर्मत, कृषि स्रोत व्याक्ति, जडीबुटी संकलन, ब्युटीसियन, प्लम्बिङ, ईलेक्ट्रिसियन, भेटेरीनरी, ईम्ब्रोइडरी, ह्याण्डलुम, वेटर जस्ता धैरै क्षेत्रमा सीपसँगै रोजगारी र उद्यशिलतामा जोड दिने घोषणापत्र मार्फत प्रतिवद्धता जनाइएका छन् ।

# मादीबाट गठबन्धनको घरदैलो कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २१ वैशाख

मादी गाउँपालिकामा गठबन्धनले घरदैलो कार्यक्रम तिब्र पारेको छ । गठबन्धनका साझा उम्मेदवारहरुले मादी ५ र ११ मा घरदैलो एवम कोणसभा गरेका छन् ।

कार्यक्रममा बोल्दै गठबन्धनका नेताहरुले प्रतिगमनबिरुद्धको आन्दोलनमा आफूहरु एक भएर लागेको र यसरी नै लागि रहने बताए । मादीमा गठबन्धनबाट पालिका अध्यक्षका साझा उम्मेद्वार बनेका नेपाली कांग्रेसका देवी जंग गुरुङले दुई तिहाईको बहुमत ततेरेर खान नसकेको बताए । 'फेरि विकासमा सिन्को नभाँच्ने उल्टै मादीको नाम बद्नाम गर्नेलाई मादीले चिनि सकेको छ,' उनले भने । मादीमा अघिल्लो सरकारले पक्षपातपूर्ण विकास गरेको भन्दै उनले त्यसलाई हटाएर पक्षपात नगरि प्राथमिकताका आधारमा योजना छुट्याउने बताए । गठबन्धनका मादी गाउँपालिका उपाध्यक्ष पदका उम्मेद्वार माओवादी केन्द्रका लालबहादुर गुरुङले मादीको विकास मादीबासिले नै गर्न सक्ने बताउँदै चुनावमा गठबन्धनका उम्मेद्वारलाई मत हाल्न आग्रह गरे । 'चलचित्र खेलेर, फिल्म खेलेर मात्रै मादीको विकास हुँदैन । मादीको माटो चिन्ने उम्मेद्वारले नै मादी बनाउन सक्छ,' उनले भने । नेकपा माओवादी गण्डकी प्रदेश इन्चार्ज एवम प्रदेश सांसद गायत्री गुरुङले मादीको पालिका स्तरिय गठबन्धन कसैको रिस, ईष्याले नडगमगाउने बताइन् । 'विजय सुनिश्चित छ । मादीको विकासमा आफूले गरेको कैयौ विकास निर्माणलाई भ्रम सिर्जना गरेर, एमालले बनावटी कुरा गरेको छ,' उनले भनिन्, 'यस्ता भ्रष्ट मानसिकता परास्त नगरे मुलुक र मादीको विकास उल्टो फर्कन्छ । त्यसैले मादीबासि सचेत हुनुपर्छ ।' संघीय सांसद नेकपा माओवादी केन्द्रका नेतृ देव गुरुङकी श्रीमति यशोधा गुरुङ सुवेदीले गठबन्धन मर्म फराकिलो रहेको हरेक परिवर्तन लोकतान्त्रिक र शक्तिको एकताबाट मात्रै सम्भव रहेकाले अहिलेको गठबन्धन त्यसको निरन्तरता रहेको बताइन् । गठबन्धनले समृद्ध मादी निर्माणमा कोषेढुंगा साबित हुने बताउँदै मादीमा केही अवसरवादी व्यक्तिको अदलबदललाई महत्व नदिई गठबन्धनलाई निश्कर्षमा पुऱ्याउन आम नगरिकलाई अपिल समेत गरिन् ।

मादी ११ र ५ मा नेपाली कांग्रेस, माओवादी केन्द, नेकपा एसका नेताहरुको उपस्थितिमा कोणसभा एवम घरदैलो कार्यक्रम सम्पन्न भएको हो । मादी ११ नेपाली कांग्रेस मादी ११ का कार्यसमिति सभापति बाबुराम रानाभाट अध्यक्षतामा गरेका थिए । कार्यक्रममा एकिकृत समाजवादीका रणबहादुर लामाले स्वागत मन्तव्य राखेका थिए । यस्तै नेपाली कांग्रेसका वडा नम्बरका ११ का अध्यक्ष चलचित्र गुरुङ, माओवादीतर्फका मित्रलाल गुरुङ, नेपाली कांग्रेस मादी गाउँपालिका सभापति याबहादुर गुरुङ, नेकपा माओवादी मादी अध्यक्ष तोरण गुरुङ, नेपाली कांग्रेस क्षेत्र नम्बर एकका सचिव सरोज केसीले बोलेका थिए । गठबन्धनले यो चुनावमा कागजी बादशाहलाई धुलो चटाउने उद्घोष गरेका छन् । मादी ५ को बयरघारी, थाम लङ्काथर, तितेपानी, सुनपदेली लगायतका ठाउँमा वडाका र गाउँपालिकाका उम्मेद्वारले घरदैलो एवम कोणसभा गरेका छन् ।

# सङ्कटमा आरन पेशा

पोखरापत्र संवाददाता
बागलुङ, २१ वैशाख

कुनैबेला उहाँको आरनमा धेरै व्यक्ति आउँथे । अहिले आरनमा ल्याउने सामान नै छैन । खेती किसानी छाडेर बजारमा बस्ने भएपछि आरन पेशा सङ्कटमा पर्दै गएको छ ।

बागलुङ नगरपालिका–१ रामरेखाका ६३ वर्षीय बमबहादुर विश्वकर्माले यस्तो अवस्था अनुभव गर्नुभएको छ । अनुभव मात्र होइन उहाँले आफ्नै जीवनमा पुर्ख्यौली पेशाले खाने नपुग्ने अवस्था ल्याएको बताउन थाल्नुभएको छ । दैनिक २० देखि ३० व्यक्तिले आरनमा सेवा लिन आउँदा उहाँको राम्रो कमाइ थियो । कतिपयले नगद दिन्थे भने कतिपयले अन्न दिँदा उहाँको घरपरिवार चलेको थियो । अहिले भने दैनिक आरनको सेवा लिन आउने नै घटेका छन् । त्यसैले उहाँको कमाइ घट्दै गयो । त्यही पेशाले परिवार पाल्नुपर्ने बाध्यता छ । "अहिले दिनमा रु ५०० सम्म कमाइ हुन्छ, अन्न भने पाइदैन,' विश्वकर्माले भन्नुभयो, "किनेर खानुपर्छ, यो पेशाको भरमा बाँच्न गाह्रो भइसक्यो ।" यो पेशाबाटै उहाँले चार छोरा र दुई छोरी हुर्काउनुभएको थियो । तर अहिले समस्या बढ्दै गएको छ । विश्वकर्माले भन्नुभयो, "पेशा छाडौं खान केही छैन, नछाडौं कति दुःख गरिरहने ?" पुर्ख्यौली पेशा बाहेक अन्य काम पनि उहाँले जान्नुभएको छैन् । परम्परागत रुपमा उहाँले फलाम ल्याएर हँसिया, कुटो, कोदालो, खुकुरी र दाउ बनाउने गर्नुभएको छ । पछिल्लो समय कोइलासमेत नपाउँदा काममा अप्ठ्यारो भएको विश्वकर्माले बताउनुभयो । "पहिला जङ्गलमा गएर कोइला तयार पारिन्थ्यो, अहिले जङ्गल जान पाइँदैन", उहाँले भन्नुभयो, "बजारको कोइला किन्दा महँगो पर्छ ।" घरमा कमाइ घटेको र छाक टार्न धौधौ भएपछि उहाँका छोरा खाडीमुलुक जानुभएको छ । कमाइ नभएकोले ऋण तिर्न सास्ती भएको उहाँले गुनासो गर्नुभयो । एक छोरा बिरामी भएकोले घरमै बस्नुहुन्छ । बजारमा आधुनिक र बनिबनाउ हतियार आउन थालेपछि उहाँको जस्तै धैरैको पेशा सङ्कटमा पर्दै गएको छ । "खेतीपाती गर्नेको सङ्ख्या घट्दै गएको छ, कुटो कोदालोको प्रयोग पनि घट्दै गएको छ", विश्वकर्माले भन्नुभयो, "पुर्ख्यौली पेशा सङ्कटमा पर्ने भयो ।"

# बुवाआमाको आर्शिवाद लिँदै घरदैलोमा काँग्रेसका उम्मेदवार भट्टराई

श्रीकृष्ण सिग्देल
वालिङ, २१ वैशाख

विद्यार्थी राजनीतिबाट काँग्रेस पार्टीको राजनीतिमा उदाएका युवा नेता गुरुप्रसाद भट्टराई भोट माग्न घरदैलोमा व्यस्त छन् ।

समृद्ध गल्याङ बनाउने ५ बर्षे रणनीतिक योजना लिएर भट्टराई अहिले गल्याङ नगरपालिकाको घरदैलो अभियानमा छन् । नेकपा एमाले मुख्य प्रतिस्पर्धी रहेको गल्याङ्मा भट्टराईले बृद्धबृद्धा आमा बुवाको आर्शिवाद लिएर भोट माग्दै घरदैलोलाई तिब्रता दिएका छन् । नेपाली काँग्रेसको तर्फबाट गल्याङ् नगरपालिकाको नगर प्रमुख उम्मेदवार बनेका भट्टराईले शिक्षा, स्वास्थ्य, खानेपानी, सडक र प्रविधिलाई प्रथमिकतामा राखेर समृद्ध नगर बनाउन आफुलाई भोट दिन अपिल गरेका छन् ।

११ वटा वडा रहेको गल्याङ् नगरपालिकाको मुहार फेर्न नेपाली काँग्रेस बिजयी हुनुपर्ने जिकिर भट्टराईको छ । घरदैलो अभियान अन्तर्गत काँग्रेसका उम्मेदवार भट्टराई लगायत सबै अहिले गल्याङ् नगरपालिकाको ९ नम्बर वडामा घरदैलो अभियानमा जुटेको नेपाली काँग्रेसका गल्याङ् नगर समितिका सभापति तथा निर्वाचन प्रचार प्रसार समितिका संयोजक श्यामप्रसाद बस्यालले जानकारी दिए । हामी घरदैलो सगै कोणसभामा हाम्रा योजना राखेर अगाडी जनतामाझ गएका छौं सभापति बस्यालले भने,' नगरवासीको हौसला र चुनावी माहोल अत्यन्तै राम्रो देखिएको छ, काँग्रेस सगँ नगरवासी आशावादी भएको पाएका छौं ।' यो पटक गल्याङ् नगरपालिकामा काँग्रेसले बाजी मार्ने छ बस्यालले दावी गरे ।

२०७४ सालको स्थानीयतहको निर्वाचनमा नेकपा एमालेले बिजयी हासिल गरेको गल्याङ् नगरपालिकामा काँग्रेसलाई बिजयी बनाउन सबै नगरवासी लागेको काँग्रेसको दावी छ । योजना र भिजनलाई सगँसगै नगरवासी समक्ष लिएर गएका छौं सभापति बस्यालले भने,'यो पटक नेपाली काँग्रेसलाई आमाबुवाले आर्शिवाद मात्रै होइन मतदान गर्नुहुनेछ ।' देश बनाउने पार्टी काँग्रेस मात्रै भएको बुझाई नगरवासीमा देखिएकाले काँग्रेसको चुनावी माहोल अत्यन्तै राम्रो देखिएको छ उनले भने ।

राजनीतिलाई समाजिक सेवा ठान्दै आएका नगर प्रमुखका उम्मेदवार गल्याङ् नगरवासीका प्रिय मानिन्छन् । नगरवासीको हरेक दुखसुखमा साथ दिने जनताका सारथी भट्टराईलाई प्रतिस्पर्धीदलले समेत साथ दिने विश्वास गरिएको छ । २४ सै घण्टा नगरवासीको सेवामा खटिएका भट्टराई नेपाली काँग्रेसको उदयमान युवा नेताका रुपमा परिचय बनाएका व्यक्ति हुन् । आफु नगर प्रमुखमा बिजयी भएपछि पहिलो काम गल्याङ् नगरवासीको समस्याको पहिचान संकलन गर्ने अभियानको शुरुआत् गर्ने बताए । समस्याको पहिचान पछि समाधानमा जोड दिदै हरेक नगरवासीले स्थानीय सरकारको अनुभुती पाउने गरी अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

गल्याङ्मा भट्टराई सगै नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्रपाटी लगायत ८ जना प्रमुख पदमा प्रतिस्पर्धामा छन् । मुख्य गरी नेकपा एमाले सगँ प्रतिस्पर्धा देखिएको गल्याङ्मा एमालेले जिल्ला अध्यक्ष सुर्यप्रसाद गैह्रेलाई उम्मेदवार बनाएको छ । गैह्रे नेकपा माओवादीबाट एमाले पार्टीमा समाहित भएका व्यक्ति हुन् ।




# माछापुच्छ्रे गाउँपालिकाबासी भन्छन्: विकास र व्यवस्थापनका लागि गठबन्धनलाई जिताउछौँ

पोखरापत्र संवाददाता
पोखरा, २१ वैशाख

कास्कीको माछापुच्छ्रे गाउँपालिकाका मतदाताहरुले यो पटक गठबन्धनका उम्मेदवार हरुलाई जिताएर नेतृत्वमा पठाउने वचन दिएका छन् । आसन्न स्थानीय चुनाव लक्षित घरदैलोको क्रममा मतदाताको घर घरमा पुगेका उम्मेदवारहरुलाई गाउँपालिकाबासीले यस्तो वचन दिएका हुन् ।

घरदैलोको क्रममा गठबन्धनको उम्मेदवारसहितको टोली मंगलबार गाउँपालिकाको वडा नम्बर १ स्थित कस्वा कपुचे पुगेको थियो । सो स्थानका मतदाताले यो पटक कुनैपनि हालतमा गठबन्धनकै उम्मेदवारलाई जिताउने बताए । यसअगाडि वडामा काँग्रेसले जित निकालेपनि नेतृत्व गुम्दा माछापुच्छ्रे गाउँपालिका पछाडि परेको अनुभव सुनाए ।

'हामी गाउँपालिका व्यवस्थापनसँग सन्तुष्ट छैनौँ ।' तामाङ समाज माछापुच्छ्रेका कोषाध्यक्ष ईन्द्रमान तामाङले भने-'न हामीले चाहेजस्तो विकासका पुर्वाधार बन्न सके । न त उचित स्थानमा गाउँपालिकाको बजेट विनियोजन नै हुन सक्यो ।' उनले गठबन्धनबाट घरदैलोमा गएका उम्मेदवारहरुलाई आफ्नो मागपत्र थम्याउँदै जितपछि विकास निर्माण र पर्यटकीय स्थल व्यवस्थापनमा विशेष ध्यान दिन उम्मेदवारहरुलाई आग्रह गरे ।

माछापुच्छ्रे गाउँपालिकामा गठबन्धनको तर्फबाट अध्यक्षमा उम्मेदवारी दिएका मीनबहादुर गुरुङले जनअपेक्षाअनुसार आफूले काम गर्ने प्रतिबद्धता जनाए । उनले जनताको काम जनतासँगै मिलेर गर्ने आफ्नो कार्यशैली हुने बताए । पोखरा महानगरको नजिकै भएपनि बत्तिमुनीको अँध्यारो जस्तै हुँदै आएको माछापुच्छ्रेमा सडक पहुँचसँगै स्तरोन्नती र पर्यटकीय क्षेत्रमा होम स्टेको व्यवस्थापमा आफूले विशेष ध्यान दिने उनले बताए । त्यस्तै उपप्रमुखमा उम्मेदवारी दिएकी सिता अधिकारीले महिला सशक्तिकरणको क्षेत्रमा आफूले काम गर्ने बताईन् । उनले महिला स्वास्थ्य र शिक्षाको क्षेत्रमा काम गर्ने गरि आफूले संयन्त्र बनाउने प्रतिबद्धता जनाईन् । गठबन्धनको तर्फबाट माछापुच्छ्रे गाउँपालिकामा प्रचारप्रसारको जिम्मा पाएका प्रचार सँयोजक खुशीमान गुरुङको नेतृत्वमा घरदैलो कार्यक्रम चलिरहेको छ ।